आज मिति २०७६।०९।२४ गते बिहिबारका दिन यस माधव नारायण नगरपालिकाका नगर प्रमुख श्री वीरेन्द्र प्रसाद यादव ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा तपसिल बमोजिमका सदस्यहरुको उपस्थितीमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती :

| क.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री वीरेन्द्र प्रसाद यादव | प्रमुख | |
| २ | श्री सिमल साह | उप प्रमुख | |
| ३ | श्री रणधिर प्रसाद यादव | सदस्य | |
| ४ | श्री हनुमान सहनी मलाह | सदस्य | |
| ५ | श्री राजकुमार राय यादव | सदस्य | |
| ६ | श्री रामदेनी मुखिया | सदस्य | |
| ७ | श्री जमिलकर मंसुरी | सदस्य | |
| ८ | श्री राजीव कुमार यादव | सदस्य | |
| ९ | श्री दिलीप कुमार यादव | सदस्य | |
| १० | श्री जितेन्द्र प्रसाद | सदस्य | |
| ११ | श्री जगरीत सहनी | सदस्य | |
| १२ | श्री दिपेन्द्र कुमार मुखिया | सदस्य | |
| १३ | श्री जनक मण्डल सुडी | सदस्य | |
| १४ | श्री रुप नारायण बैठा धोवी | सदस्य | |
| १५ | श्री बविता कुमारी पासवान | सदस्य | बविता |
| १६ | श्री गायत्री देवी | सदस्य | गायत्री |
| १७ | श्री रुनिया देवी बनिया | सदस्य | |
| १८ | श्री नुतन कुमारी | सदस्य | नुतन कुमारी |
| १९ | श्री प्रमिला देवी | सदस्य | प्रमिला |
| २० | श्री प्रलव कायस्थ | सदस्य सचिव | |

Scanned with CamScanner

निर्णयहरु :

निर्णय नं. १ :

यस माधव नारायण नगरपालिकाको आ.व. ०७६ /०७७ मा सामाजिक सुरक्षा तर्फ सबै भुक्तानी बैंकिंग प्रणाली मार्फत गराउने भनिएकोमा हाल सम्म बालबालिका तर्फका समपूर्ण लाभग्राहीहरुको खाता नखुलीसकेको सन्दर्भमा सम्पूर्ण लाभग्राहीहरुको खाता नखुलेसम्मका लागि हाललाई सम्बन्धित वडा सचिवलाई पेश्की उपलब्ध गराई बालबालिका लक्षित भत्ता वितरण गराउने व्यवस्था गर्नका लागि पंजीकरण शाखा, लेखापाल तथा प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने निर्णय गरियो ।

निर्णय नं. २ :

यस नगरपालिकामा कार्यरत सम्पुर्ण करारका कर्मचारीहरु (अन्य विषयगत शाखा तथा कार्यालयहरुबाट आएका कर्मचारीहरु समेत)को म्याद आ.व. २०७६/०७७ सम्मका लागि थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :

यस माधव नारायण नगरपालिकाको आ.व. २०७६/०७७ मा पूर्वाधार क्षेत्र विकास कार्यक्रम तर्फ रु. ५,९६,४०,०००।०० (अक्षरेपी रुपैयाँ पाँच करोड छयानब्बे लाख चालीस हजार मात्र) तथा संघिय सरकार मार्फत प्राप्त समपुरक अनुदान तर्फ रु. ३,५०,००,०००।०० (अक्षरेपी रुपैयाँ तीन करोड पचास लाख मात्र) यस नगरापालिकाको वार्षिक बजेटमा समावेश गरी नगर सभाबाट अनुमोदन गराउने निर्णय गरियो । यसका साथै समपुरक अनुदान तर्फको योजना संचालन गर्दा यस नगरपालिकाको समपुरक कोषबाट अपुग हुने रकम आ.व. ०७७/०७८ मा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ४ :

यस माधव नारायण नगरपालिकामा भारतीय राजदुतावास मार्फत प्राप्त एम्बुलेन्स संचालनका लागि हाल खटिएका चालक गुजरा नगरपालिका निवासी श्री विदुर स्याङ्तानसँग करार सम्फौता गरी कामकाजमा खटाउने निर्णय गरियो ।

निर्णय नं. ५ :

यस माधव नारायण नगरपालिका अन्तर्गतका सम्पूर्ण सामुदायीक विद्यालयहरु तथा ती विद्यालयमा कार्यरत शिक्षकहरुको खाता यस नगरपालिका स्थीत सिद्धार्थ बैंक माधोपुरमा संचालन गराउने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ६ :

यस माधव नारायण नगरपालिकामा नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा कार्यरत सम्पूर्ण कर्मचारीहरु (स्थायी, अस्थायी तथा करार समेत)लाई यस नगरपालिकाको प्रोत्साहन भत्ता मापदण्ड बमोजीम एक आ.व मा बढिमा ६ (छ) महिनाका लागि नीज कर्मचारीहरुको तलब स्केलको २५% (पच्चिस प्रतिशत) बराबरको रकम प्रोत्साहन भत्ताका रुपमा उपलब्ध गराउने निर्णय गरियो यसका साथै गत आ.व. मा भुक्तानी हुन बाँकी रहेको २ (दुई) महिना बराबरको भत्ता समेत उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७ :

यस माधव नारायण नगरपालिकामा श्री बंशीराम जयसवाल अनाथालय गरुडा न.पा. ४ ले अक्षय कोष स्थापनार्थ तथा श्री बज्जिका विकास केन्द्रले यस नगरपालिका क्षेत्र भित्र एफ.एम. संचालनार्थ सहयोग माग गरेको हँदा ती संस्थाहरुलाई रु. ५,००,०००।०० (अक्षरेपी रुपैयाँ पाँच लाख मात्र) प्रति संस्थाका दरले संस्था संचालनार्थ आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८ :

यस माधव नारायण नगरपालिकामा सहकारी संस्था सम्बन्धि कामकाज संचालन तथा सूचारु गर्नका लागि यस नगर कार्यपालिकाले तयार गरेको सहकारी दर्ता गर्ने सम्बन्धमा बनेको अन्तरिम कार्यविधि – २०७६ स्वीकृत गरि लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ :

यस माधव नारायण नगरपालिकामा स्यानीटरी प्याड वितरणका लागि स्यानीटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ बमोजीम तपसिल बमोजीमको स्थानीय तहस्तरीय स्यानीटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

क) स्थानीय तहको उप प्रमुख - संयोजक

ख) कार्यपालिकाका महिला सदस्यहरुमध्ये कार्यपालिकाले तोकेको एक जना - सदस्य
बविता पासवान

ग) स्वास्थ्य शाखाका अधिकृत वा कर्मचारी एकजना - सदस्य
स्वास्थ्य संयोजक

घ) विद्यालयका सम्पर्क व्यक्तिहरुमध्येबाट स्थानीय तहले तोकेको दुईजना - सदस्य
श्री मा.वि माधोपुर तथा श्री देवी मा.वि सखुअवाका प्र.अ.हरु

ङ) महिला तथा बालबालिका शाखाका अधिकृत वा कर्मचारी एकजना- सदस्य
स.महिला विकास निरिक्षक

च) शिक्षा शाखाका अधिकृत वा कर्मचारी एकजना - सदस्य सचिव
श्री जगरनाथ प्रसाद यादव

Scanned with CamScanner

निर्णय नं. १० :

श्री स्थानीय पूर्वाधार विभाग, प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रमको सार्वजनिक सूचना मार्फत माग भएको स्थानीय तहले आफ्नो केन्द जोड्ने एउटा सडकका सम्बन्धमा सो कार्यक्रममा तपसिल बमोजीमको सडक माग गर्ने निर्णय गरियो ।

तपसिल

क) जयनगर झाँझ पुलदेखि माधोपुर बजारसम्मको सडक

निर्णय नं. ११ :

यस माधव नारायण नगरपालिकाको आ. व. २०७७/०७८ मा प्रदेश सरकारमा विशेष तथा समपुरक योजना संचालन गर्नका लागि तपसिल बमोजीमका योजना/कार्यक्रमहरु माग गर्ने निर्णय गरियो ।

तपसिल

क) विषेश योजना तर्फ

१. दिपहीमा बजार सेड निर्माण

ख) समपुरक योजना तर्फ

१. माधोपुरदेखि मिठुअवा जोड्ने सडकको स्तरोन्नती तथा कालेपत्रे कार्य

निर्णय नं. १२ :

यस माधव नारायण नगरपालिकाको आ. व. २०७७/०७८ मा राष्ट्रिय योजना आयोगमा विशेष तथा समपुरक योजना संचालन गनृका लागि तपसिल बमोजीमका योजना/कार्यक्रमहरु माग गर्ने निर्णय गरियो ।

तपसिल

क) विषेश योजना तर्फ

१. मा. वि. सखुअवामा विद्यालय भवन निमार्ण

२. शुद्ध खानेपानीका लागि सार्वजनीक स्थानहरुमा ह्याण्डपम्प जडान कार्य

ख) समपुरक योजना तर्फ

१. लौकाहाबाट नहर हुँदै कुशवाहा चौक, गढो, खड्की रजवाडा हुँदै माधोपुरसम्म सडक कालोपत्रे कार्य

२. झाँझ नदीमा पक्कि पुल निर्माण

Scanned with CamScanner

निर्णय नं. १३ :

यस माधव नारायण नगरपालिकाको आ. व. २०७६/०७७ मा संचालन हुने योजना/कार्यक्रमहरुको अनुगमनका लागि तपसिल बमोजीमको अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| नगर उप प्रमुख श्री सिमल कुमारी साह | - संयोजक |
| कार्यपालिका सदस्य श्री गायत्री देवी | - सदस्य |
| कार्यपालिका सदस्य श्री जनक मण्डल | - सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | - सदस्य |
| ~~कार्यपालिका सदस्य श्री~~ | ~~सदस्य~~ |
| ईन्जिनीयर | - सदस्य |
| ओभरसियर | - सदस्य |
| लेखा शाखा प्रमुख | - सदस्य |
| योजना शाखा प्रमुख | - सदस्य सचिव |

आज मिति २०७६।०९।२४ गते बसेको यस माधव नारायण नगर कार्यपालिकाको बैठक यसैका साथ सम्पन्न भएको निर्णय गरियो ।

Scanned with CamScanner